**पञ्चेश्वर गाउँपालिका**

आर्थिक वर्ष २०८०/०८१

को

# बिनियोजन ऐन, २०८०

पञ्चेश्वर गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

**आम्चौरा, बैतडी**

सुदूरपश्चिम प्रदेश, नेपाल

Website: www.pancheshwormun.gov.np

Email: ito.pancheshwormun@gmail.com

info@pancheshwormun.gov.np

१० असार २०८०

**पञ्चेश्वर गाउँपालिकाको आर्थिक बर्ष २०८०/०८१ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

सभाबाट स्वीकृत मितिः २०८०/०३/१०

प्रस्तावनाः पञ्चेश्वर गाउँपालिकाको आर्थिक बर्ष २०८०/०८१ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप–धारा (२) बमोजिम पञ्चेश्वर गाउँ सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम " पञ्चेश्वर गाउँपालिकाको विनियोजन ऐन, २०८०" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **आर्थिक वर्ष २०८०/०८१ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** (१) आर्थिक वर्ष २०८०/०८१ को निमित्त गाउँकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची २ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु **३९,५३,६२,२००।– (अक्षेरुपी उन्चालिस करोड त्रिपन्न लाख बैसठ्ठी हजार दुई सय मात्र)** मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ।

३. **विनियोजनः**

(१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८०/०८१ को निमित्त पञ्चेश्वर गाउँपालिको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २० प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ।

२०८०/०३/१२

गौरव बहादुर चन्द
अध्यक्ष
पञ्चेश्वर गाउँपालिका

अनुसूचि– १

(दफा २ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (१) बमोजिम्

| क्र. सं. | वजेट शिर्षक विवरण | श्रोत | अनुमानित रकम |
|---|---|---|---|
| १ | वित्तीय समानीकरण अनुदान | नेपाल सरकार | रु.८,११,००,०००।- |
| २ | राजश्व वाडफाड | नेपाल सरकार | रु.८,२५,१९,२००।- |
| ३ | समपुरक अनुदान | नेपाल सरकार | रु. ७५,००,०००।- |
| ४ | सशर्त अनुदान | नेपाल सरकार | रु. १८,९२,००,०००।- |
| ६ | विशेष अनुदान | नेपाल सरकार | रु. ८०,००,०००।- |
| ७ | वित्तीय समानीकरण अनुदान | प्रदेश सरकार | रु. ६५,४५,०००।- |
| ८ | राजश्व बाँडफाँड | प्रदेश सरकार | रु. १३,०२,०००।- |
| ९ | सशर्त अनुदान | प्रदेश सरकार | रु. १७,५०,०००।- |
| १० | विशेष अनुदान | प्रदेश सरकार | रु.००।- |
| ११ | समपुरक अनुदान | प्रदेश सरकार | रु. ३४,४६,०००।- |
| १२ | आन्तरिक राजश्व | पञ्चेश्वर गाउँपालिका | रु. ५०,००,०००।- |
| | गत वर्षको अ.ल्या. | पञ्चेश्वर गाउँपालिका | रु. ९०,००,०००।- |
| | **जम्मा** | | **रु. ३९,५३,६२,२००।–** |

२०७०।३।१८

गोरख बहादुर चन्द
अध्यक्ष
पञ्चेश्वर गाउँपालिका

## अनुसूचि– २

### (दफा २ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम्

| क्र.सं. | बजेट शिर्षक | श्रोत र खर्च | चालु तर्फ | | पूजिगत तर्फ | |
|---|---|---|---|---|---|---|
| | | | गा.पा. स्तरीय | वडा स्तरीय | गा.पा. स्तरीय | वडा स्तरीय |
| १ | राजश्व बाडफाँड | नेपाल सरकार | ७३४३५१९५.० | ९०८४००५.० | ०.० | ०.० |
| २ | राजश्व बाडफाँड | प्रदेश सरकार | १३०२०००.० | ०.० | ०.० | ०.० |
| ३ | वित्तीय समानीकरण | नेपाल सरकार | ३६८८१७५.० | ०.० | ४९०६०३२५.० | २८३५१५००.० |
| ४ | वित्तीय समानीकरण | प्रदेश सरकार | ४३५४९२५.० | ०.० | २१९००७५.० | ०० |
| ५ | आन्तरिक राजश्व | अ.ल्या. र राजश्व संकलन | ३७०२२८५.० | १२९७७१५.० | ९००००००.० | ०.० |
| जम्मा रकम | | | ८६४८२५८०.० | १०३८१७२०.० | ६०२५०४००.० | २८३५१५००.० |

गोरख बहादुर चन्द
अध्यक्ष
पञ्चेश्वर गाउँपालिका